# कमलामाई नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धि कार्यविधि, २०७५

## कमलामाई नगरपालिका
## सिन्धुली

# कमलामाई नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तवानाः**

नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिमको एकल अधिकार सूची र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (घ) ले दिएको अधिकार प्रयोग गरी यस कमलामाई नगरपालिकाको आन्तरिक आय संकलन कार्य व्यवस्थित रुपमा संचालन गर्नका लागि सोही ऐनको दफा १०२ (२) (१) मा भएको व्यवस्था बमोजिम यो आन्तरिक आय संकलन कार्यविधि तर्जुमा गरी मिति २०७५।०६।१२ गतेको कमलामाई नगर कार्यपालिकाको वैठकबाट स्वीकृत गरी लागू गरिएको छ ।

## १ संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम “आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धि कार्यविधि २०७५,” रहेको छ ।

(ख) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

## २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :

(क) “आन्तरिक आय ” भन्नाले प्रचलित ऐन, नियमावली र कार्यविधि बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूँजीगत लगानी, आर्थिक कारोवार क्षेत्रगत एवं व्यापारिक महत्व र स्रोत साधन आदिका आधारमा नगरपालिकाको सभा एंवम प्रदेश सरकार वा स्वीकृत दर बमोजिम ठेक्का, अमानत वा अन्य कुनै तरिकाले असुल गर्ने स्थानीय कर, सेवा शुल्क तथा दस्तूर एंवम विक्री आदि आयलाई सम्झनुपर्छ ।

(ख) “ठेकेदार भन्नाले” नगरपालिकाको निश्चित आ.व.को आय संकलन गर्न सम्झौता गरेको फर्म वा व्यक्तिलाई सम्झनुपर्छ ।

(ग) “कर अधिकृत” भन्नाले यो कार्यविधि बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको नगरपालिकामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(घ) “कार्यालय” भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउँदछ ।

(ङ) “व्यवसायी” भन्नाले व्यापार तथा व्यवसाय संचालन गर्ने गरी नगरपालिकामा व्यवसाय दर्ता भएको व्यक्ति/फर्म/संघ संस्थालाई सम्झनु पर्दछ ।

(च) “नगरपालकिा ” भन्नाले कमलामाई नगरपालिकालाई जनाउदछ ।

(छ) “बोलपत्र ” भन्नाले स्थानीय तहले खरिद वा आन्तरिक आय का लागि प्रकाशन गरेको सुचना अनुरुप सो निकायले तोकेको ढाचामा वोलपत्रदाताले पेश गरेको मुल्य खोल्ने कागजात, प्रस्ताव वा दररेट सम्झनु पर्छ ।

(ज) “बोलपत्र दाता ” भन्नाले खरिद कारवाहीमा भाग लिन वोलपत्र पेश गर्ने वा गर्न सक्ने कुनै व्यक्ति,फर्म,संस्था वा कम्पनि सम्झनु पर्छ ।

(झ) “ धरौटी ” भन्नाले कुनै काम टुङ्गो नलागेसम्म सुरक्षण वापत राखिएको रकम (रिटेन्सन मनि) वा अर्नेष्ट मनी वा सो वापतको बिडवण्ड ,फर्मेन्स बन्ड सम्झनु पर्छ र सो शव्दले अन्य कुनै कारणले राखिएको धरौटी रकम समेतलाई जनाउने छ ।

(ञ) “ ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्ने छ ।

(ट) “ ठेक्का सम्झौता ” यस कार्यविधि वा प्रचलित ऐन,नियम अनुसार कानुन वमाजिम प्रक्रिया पुरा गरि नगरिपालिकाले आन्तरिक आय उठाउन नगरपालिका र अन्य कुनै पक्षविच शर्त राखि गरिएको सम्झौता सम्झनु पर्छ ।

## ३. नगरपालीकाले आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने :

(१) स्थानीय सरकार संचालन ऐन, २०७४ को अधीनमा रही प्रदेश सरकारवाट प्राप्त निर्देशन वा दर रेट कमलामाई नगरपालिकाको नगर सभाले निर्णय गरेको अनुसारको करको दर, स्थानीय कर ,सेवा शुल्क , दुस्तुर तथा अन्य आन्तरिक आय असूल गर्न कमलामाई नगरपालिकाले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेछ ।

तर कमलामाई नगरपालिकाको आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा ३ वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिने छ । आर्थिक वर्ष शुरु भैसकेपछि आन्तरिक आयको कुनै नया श्रोत प्राप्त भएमा कार्यपालिकावाट निर्णय गराई वाकी अवधिको लागि ठेक्का सूचना प्रकाशन गर्न सकिने छ ,

स्पष्टीकरण: यस कार्यविधि प्रयोजनको लागि “आन्तरिक आय” भन्नाले सङ्घीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम तथा अन्य बिशेष प्रकृतिको अनुदान बाहेक स्थानीय तहले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय सम्झनु पर्छ ।

(२) दुई वा दुई भन्दा बढी स्थानीय तहको समूहले आपसी सहमतिद्वारा संयुक्त रुपमा उपदफा(१) बमोजिम ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(३) कमलामाई नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनु अगाडि नै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ । यसरी ठेक्का वन्दोवस्त गर्दा यस कार्यविधिमा

अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि फर्म तथा व्यक्तिको सूचीकृत गराई रहन आवश्यक पर्ने छैन ।

(४) उपदफा (१) बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, श्रोत परिचालनको व्यवस्थापन, लागत र चालु वर्षको ठेक्का अङ्क समेतलाई विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक्का अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्नेछ । न्यूनतम ठेक्का अंकको स्वीकृति नगरकार्यपालिकावाट गराउनु पर्ने छ ।

(ख) खण्ड (क) बमोजिम असूली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भईसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि नगर सभाले निर्धारण गरेको दररेट, ठेक्काको सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ । यस नियमको प्रयोजनको लागि नगरसभावाट दररेट निर्धारण भै नसकेको कारण नगरपालिकाको आन्तरिक आय असुलिमा समस्या पर्नपाउने देखिएमा साविक मा कायम अकंलाई नै न्यूनतम अंक कायम गरी ठेक्का अंकको निर्धारण गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय पाँच लाख रुपैयाँ भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा वा दरभाउ पत्रको प्रक्रिया पुरा गरि सो भन्दा माथि आय भएमा वोलपत्र आह्वान गरी सम्झौता गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम बोलपत्र आह्वान गर्दा बीसलाख रुपैयाँसम्म भए स्थानीय वा राष्ट्रियस्तरको नियमित प्रकाशन हुने पत्रिकामा कम्तिमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ । बीस लाख रुपैयाँ भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(१) साबिकमा ठेक्का लागि आएको भए कति रकम र के शर्तमा ठेक्का लागेको हो सो कुरा,

(२) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(३) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,

(४) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिईने भए सो कुरा,

(५) बोलपत्र फारम प्राप्त हुने स्थान यस सम्बन्धमा इन्टरनेटबाट डाउनलोड गरी फाराम प्राप्त गर्न सकिने व्यवस्था समेत मिलाउनु पर्नेछ । यसरी

इन्टरनेटबाट डाउनलोड गरिएको बोलपत्र दाखिला गर्दा उक्त सूचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ ।

(६) बोलपत्र पठाउनु पर्ने तरिका,

(७) बोलपत्र पठाउनु पर्ने कार्यालयको नाम (कार्यालयको नाम खुलाउँदा सम्बन्धित स्थानीय तहको निर्णयले एकभन्दा बढी स्थानीय तह र जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालय) समेतलाई समावेश गर्न सक्नेछ ।

(८) बोलपत्र बापत लाग्ने दस्तूर ,

(९) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति, समय र स्थान तथा बोलपत्र खोलिने समय, मिति र स्थान,

(१०) बोलपत्र उपर निर्णय हुने मिति,

(११) जमानत बापत राख्नु पर्ने रकम वा वैंङ्कग्यारेन्टीको किसिम र मान्य अवधि,

(१२) अन्य आवश्यक कुराहरु ।

(च) खण्ड (ङ) को उपखण्ड (८) बमोजिम बोलपत्र फारामको दस्तुर कायम गर्दा देहाय अनुसारको मूल्य कायम गर्नुपर्ने छ ।

| | |
|---|---|
| (१) वढीमा बीस लाख रुपैयाँसम्मको लागि | रु.१०००।- |
| (२) बीस लाख रुपैयाँ भन्दा माथि दुई करोड रुपैयाँसम्मको लागि | रु. ३०००।- |
| (३) दुई करोड रुपैयाँ भन्दा माथि दश करोड रुपैयाँ सम्मको लागि | रु. ५०००।- |
| (४) दश करोड रुपैयाँ भन्दा माथि पचास करोड रुपैयाँसम्म | रु.१००००।- |
| (५) पचास करोड रुपैयाँ भन्दा माथि | रु.२००००।- |

(छ) खण्ड (ङ) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, बोलपत्रदाताको एजेन्टले पेश गर्नुपर्ने विवरण लगायतका विषयहरु यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(ज) खण्ड (घ) बमोजिम प्रथम पटक बोलपत्र आव्हान गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित ठेक्का अङ्क भन्दा कम भएमा पहिलाको म्याद भन्दा कम्तीमा आधा म्याद दिई पुनः सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ ।

(झ) खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई खण्ड (ङ) बमोजिमको सूचनामा देहायको कुराहरु

थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन वा नगरपालिकाको कार्यपालिकाले निर्णय गरे वमोजिम गर्नु पर्नेछ ।

(१) न्यूनतम अंकमा थपघट गर्नुपर्ने भए सो सम्बन्धी

(२) नगरपालिकावाट थप । घट सुविधा उपलब्ध हुने भए सो सम्बन्धी

(३) अन्य आवश्यक कुराहरु ।

(५) उपदफा (४) को खण्ड (ङ) र खण्ड (झ) अनुसार प्रकाशित सूचना बमोजिम बोलपत्र दिने व्यक्ति वा सस्थाले नेपाली नागरिक भए आफूले कबूल गरेको अङ्कको पाँच प्रतिशत र गैर नेपाली भए, आफूले कबूल गरेको अङ्कको दश प्रतिशत रकम त्यस्तो सूचना प्रकाशन गर्ने स्थानीय तहको नाममा उक्त सूचनामा तोकिएको बैंङ्कमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी वा नेपाल राष्ट्र बैंङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्कले जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट एक सय बिस दिन म्याद भएको बैंक जमानत (विडवण्ड) को सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

खण्ड (झ) वमोजिम सूचना प्रकाशन गर्दा पनि  स्थानीय तहले तोके बमोजिमको न्यूनतम अङ्क पनि कवोल अङ्क हुन नआएमा स्थानीय स्तरको सम्बन्धित राजश्व परामर्श समितिको सिफारिसमा आवश्यक प्रक्रिया अपनाई आन्तरिक आयको व्यवस्था गर्न सकिनेछ ।

(६) यस कार्यविधि बमोजिम जफत हुने अवस्थामा बाहेक उपदफा (५) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र अस्वीकृत भएमा ठेक्का प्राप्त गर्ने प्रथम पक्षले सम्झौता गरे पश्चात नियमानुसार निजलाई फिर्ता गर्नु पर्नेछ ।

तर कुनै ठेक्काको सम्झौता नभए सम्म सो ठेक्का कबुल गर्ने मध्ये सो ठेक्काको क्रम अनुसार सिफारिस गरिएका जमानतवालाहरुको जमानत स्थानीय तहले फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन ।

(७) उपदफा (४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मिति भन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा हुलाक वा फोनबाट बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

(८) कार्यालयमा पेश भएका बोलपत्र मुल्याङ्कनका लागि देहाय वमोजिमको मुल्याङ्कन समिति हुने छ ।

| | | |
|---|---|---|
| (क) प्रमुख प्रशासकिय अधिकृत | - | संयोजक |
| (ख) नगरकार्यपालिको राजस्व परामर्श समितिको सदस्य | - | सदस्य |
| (ग) लेखा शाखाको प्रमुख | - | सदस्य |
| (ग) प्रमुख पशासकिय अधिकृतले तोकेको अधिकृतस्तर(ईन्जिनियर) | - | सदस्य |
| (घ) कानून अधिकृत | - | सदस्य |
| (ङ) राजश्व उपशाखाको प्रमुख | - | सदस्य सचिव |

समितिले आवश्यकता अनुसार पदाधिकारी वा अन्य शाखाको प्रमुखलाई बैठकमा सदस्यक आमन्त्रण गर्न सक्ने छ ।

**(९)** समिति सदस्य एंव आमन्त्रित सदस्यले कार्यपालिकाले तोकेवमोजिमको वैठक भत्ता प्राप्त गर्ने छन ।

**४. <u>ठेक्का स्वीकृत गर्ने</u> :** (१) दफा ३ को उपदफा ४ (घ) बमोजिम प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र वा बोलेको कुनै वा सबै कमलामाई नगरपालिकाले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) रितपूर्वकको बोलपत्र प्राप्त भए पछि सूचना बमोजिमका सवै प्रक्रिया पुगेको सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र मुल्यांकन समितिको सिफारिस बमोजिम प्रमुख प्रशासकिय अधिकृत ले स्वीकृत गर्नु पर्नेछ । यसरी वोलपत्र स्वीकृत भएको विवरण कार्यपालिका वैठकमा जानकारीका लागि पेश गर्नु पर्ने छ ।

(३) यस कार्यविधि बमोजिमको बोलपत्र वा आन्तरिक आय व्यावस्थापन सम्बन्धि कुनै दुविधा वा समस्या आएमा सो समस्या निर्णय गर्ने अन्तिम अधिकार नगर कार्यपालिकाको हुनेछ ।

**<u>५. सम्झौता गर्ने र कार्यादेश दिने (पटा दिने र कबुलियत गराउने) :</u>** (१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि ठेक्का बन्दोबस्त गर्ने कमलामाई नगरपालिका प्रमुख प्रशसाकीय अधिकृत वा निजले तोकेको अधिकृत ले सात दिनभित्र सो कुराको सूचना बोलपत्र वालालाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना जारी गर्दा बाटोका म्याद बाहेक सात दिनको म्याद दिई सो म्यादभित्र आफ्नो कबूल बमोजिम सम्झौता गर्न नआएमा त्यस पछिको बोलपत्र वालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ । यस्तो सूचना जारी गर्दा सूचना पाउनुपर्ने व्यक्ति वा संस्थामा नभेटिएमा स्थानीय वा राष्टिय स्तरको पत्रपत्रिकामा सुचना प्रकाशन भएको मितिले सात दिन भित्र सम्झौता गर्न आउनको लागि सुना प्रकाशन गर्नु पर्ने छ ।

यसरी यस्तो सूचना कुनै स्थानीय वा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको अवस्थामा सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई सम्झौता गर्न मञ्जूर गरे ठेक्का बन्दोबस्त गर्ने स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले निजबाट तुरुन्त सम्झौता गराई निजलाई कार्यादेश दिनु पर्नेछ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र लाई प्राथमिकता दिई उपदफा (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी ठेक्का वन्दोवस्त गर्दा त्यस्तो रकम कमलामाई नगरपालिकाले अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने उक्त ठेक्का रद्द गरी राजस्व परामर्श समितिको वैठकबाट सिफारिस गराई पुनः सूचना प्रकाशन गर्नुपर्ने छ ।

(४) कलामाई नगरपालिका र अन्य स्थानीय तहवाट संयुक्त रुपमा आव्हान गरेको बोलपत्र स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अख्तियारवालाले बोलपत्र खोलिएको सात दिन भित्र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि मूल्याङ्कन समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । कमलामाई नगरपालिकाको मूल्याङ्कन समितिले पनि यसरी पेश भएको सात दिनभित्र बोलपत्र स्वीकृत भए वा नभएको सूचना दिनुपर्नेछ ।

(५) बोलपत्र स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाता बाट स्वीकृत ठेक्का अङ्कको २५ प्रतिशत रकम नगदै बैक दाखिला गर्नुपर्नेछ र बाँकि ७५ प्रतिशत रकम र सोको भ्याट वापतको रकम समेत कुल रकमको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बाणिज्य बैंङ्कको ठेक्का अवधि र थप एक महिनाको अवधि भर म्याद भएको ( बहुवर्षिय ठेक्काको ठेक्का अवधि भर ) परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई निर्धारित कबुलियत फाराम अनुसार सम्बन्धित ठेकेदारसँग सम्झौता गरी चलान पुर्जी (पटाको फाराम) दिनु पर्नेछ ।

(६) बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भए पछि सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्र वालाले चलान पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले दफा ३ को उपदफा (५) बमोजिम राखेको जमानत जफत भई स्थानीय तहको संचित कोषमा दाखिला हुनेछ ।

६. <u>ठेक्का रकमको किस्ता बुझाउने तरिका:</u> (१) स्थानीय तहले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना, बोलपत्रमा उल्लेखित असूली कार्य तालिका तथा यस कार्यविधिको अनुसूची १ बमोजिम हुनेछ ।

(२) ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा औचित्य हेरी वढिमा पाँच प्रतिशतसम्म नगर कार्यपालिकाबाट निर्णय गराई छूट दिन सकिनेछ ।

तर यस्तो छूटको प्रतिशत बोलपत्र को सुचनामा उल्लेख भएको हुनु पर्ने छ ।

**७. <u>ठेक्का तोड्ने</u> :** (१) सम्झौता बमोजिमको कुनै शर्तको बर्खिलाप हुने काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधि बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेकेदारले कमलामाई नगरपालिकाले तोकेको दरभन्दा बढी दरमा कर असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुमा कर, सेवा शुल्क वा दस्तुर असूल गरेमा वा एक स्थानीय तहले लिएको करको प्रमाण हुँदा हुँदै दोहोरो हुने गरी कर असूल गरेमा सो रकम त्यस्तो ठेकेदारबाट असूल गरी सम्बन्धित व्यक्तिलाई फिर्ता गरिने छ ।

(३) उपदफा (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ । यसरी ठेक्का तोडिएकोमा त्यसबाट कमलामाई नगरपालिकालाई भएको नोक्सानी र स्थानीय तहले ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको छुट प्रतिशत समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ । साथै धरौटी जफत गर्दा पनि नयाँ ठेक्का वन्दोवस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का वन्दोवस्त गर्दा लागेको रकम असूल उपर नभएमा सरकारी वाँकी सरह असूल उपर गरी निजको नाम कालो सूचीमा राखी जिल्ला भित्रका स्थानीय तहहरु ,सार्वजनिक खरिद

अनुगमन कार्यालय तथा  नेपाल सरकारको ठेकेदारको लाइसेन्स दिने सम्बन्धित कार्यालयलाई समेत जानकारी दिइनेछ ।

तर आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने नगरपालिकाको नगर सभाले सो बमोजिम असूल गर्नु पर्ने रकममध्ये सम्बन्धित राजश्व परामर्श समितिको परामर्श  र नगर कार्यपालिकाको सिफारिसको आधारमा उपयुक्त लागेको रकम मिनाहा दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बाँकी अवधिको निमित्त ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असूली कार्यतालिका बमोजिम असूल गरी ठेक्का दिन सकिनेछ ।

**८. बक्यौता रकम असूली सम्बन्धी व्यवस्था :-** (१) कमलामाई नगरपालिकाले विभिन्न कारणवाट असूल हुन नसकी वाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना वनाई रकम असूल उपर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि  नेपाल प्रहरी, नगर प्रहरी परिचालन गर्नुका साथै स्थानीय प्रशासन, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्था लाई स्थानीय तहले असूली अङ्कको बढीमा १०(दश) प्रतिशतसम्म रकम पुरस्कार स्वरुप उपलव्ध गराउन सक्नेछ । एक भन्दा वढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूली भएको भए यस्तो पुरस्कार रकम दामासाहीबाट उपलव्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको प्रक्रियाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी वाँकी सरह रकम असूल उपर गर्नु पर्नेछ ।

**९.** यस कार्यविधिमा उल्लेख भएका बाहेकका विषयहरुमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ वा नगरपालिकाले बनाएको खरिद नियमावली बमोजिम हुनेछ ।

अनुसूची - १

कार्यविधिको दफा ६ (१) बमोजिमको किस्ता असूली तालिका

| किस्ता विवरण | किस्ता बुझाउँनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र । | कबोल अंङ्कको २५ प्रतिशतले हुन आउँने रकम । |
| दोश्रो | चालु आ.व.को पौष मसान्त भित्र । | कबोल अंङ्कको ४० प्रतिशतले हुन आउँने रकम । |
| तेश्रो | चालु आ.व. को जेष्ठ मसान्त भित्र । | कबोल अंङ्कको बाँकी ३५ प्रतिशत रकम । |